नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #९

# कोरोना भाइरस (2019-nCoV) acute respiratory disease सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

शुक्रबार ।२४ माघ २०७६ (७ फेब्रुअरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २४ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ। यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) को र Middle East Respiratory Syndrome (MERS) को तुलनामा निकै कम छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

**विश्वभर**

पुष्टी भएका केसहरू: २८२७६

मृत्यु हुनेको संख्या: ५६४

**चीनमा**

पुष्टी भएका केसहरू: २८०६०

मृत्यु हुनेको संख्या: ५६४

**चीन बाहिर**

अन्य प्रभावित देशहरु: २४

पुष्टी भएका केसहरू : २१६

मृत्यु हुनेको संख्या: १ (फिलिपिन्स)

(* २३ माघ २०७६ सम्ममा)

**WHO जोखिम निर्धारण**

चीन: धेरै उच्च

क्षेत्रीय स्तर: उच्च

विश्वभर: उच्च

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एकजना शङकास्पद बिरामीको रगत र घ्यालको नमूना (throat swab) को जाँच गर्दा पुष्टि भएको र तत्पश्चात अन्य १७ वटा संकास्पद बिरामीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा १७ जनामा रोग देखिएन । परिक्षणमा पोजेटिभ देखिएको एक व्यक्ति हाल स्वस्थ भैसकेको र निजको सम्पर्कमा रहेका व्यक्तिहरुमा कुनै लक्षण देखिएको छैन । चीनमा रहेका कुनै पनि नेपाली नागरीकमा हालसम्मम कोरोना भाईरसको सङ्क्रमण देखिएको रीपोर्ट प्राप्त भएको छैन । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।

(* २४ माघ २०७६ सम्ममा, ४:०० बजे) सम्म

| टेष्ट पोजेटिभ | टेष्ट नेगेटिभ | जम्मा: |
|---|---|---|
| १ | १७ | १८ |

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुबिधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।
- 2019-nCoV सम्बन्धी सूचनामुलक सामाग्रीहरू मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरू प्रसारण गर्ने कार्यलाई निरन्तरता दिइदै आईएको छ। प्रदेश तथा स्थानीय सरकारहरूवाट समेत यस सम्बन्धमा सूचना प्रवाह भैरहेको छ
- अन्य सम्बन्धित मन्त्रालयहरु, स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र, प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रहरूसंग नियमित रुपमा समन्वय गर्ने गरिएको छ ।
- नेपाल सरकारले नोभेल कोरोना भाइरस संग जुधिरहेको छिमेकी राष्ट्र चीनलाई एक छिमेकी नाताले साथ दिन एक लाख थान मास्क सहयोग गरेको छ |

## प्रदेशबाट 2019-nCoV सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरुः-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने कार्यलाई निरन्तरता दिइएका छन्; संकास्पद केस देखिएमा मन्त्रालयमा प्रतिबेदन गर्ने व्यवस्था मिलाईएकोछ; मन्त्रालयले तयार पारेका अल्गोरीदम (Algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएकोछ ।

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- 2019-nCoV सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ।

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

यस कार्यमा योगदान गर्नुहुने सम्पूर्ण निकायहरू एवम साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोग प्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ ।

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोस:**

2019-nCoV IEC | Press Release MoHP | Technical Guidance

HUB Hospitals | Audio Visual PSAs | Contacts

Situation Reports (all) | Hospital Disaster Preparedness and Response Plans

**स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र**

फोन: ०१-४२५०८४५, फ्याक्स: ०१-४२५०८४२,

ईमेल: heocmohp@gmail.com, वेब: heoc.mohp.gov.np, fb:fb.com/HEOC

**इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा**

फोन: ०१-४२५५७९६, फ्याक्स: ०१-४१००२६६,

ईमेल: ewarsedcd@gmail.com, वेब: edcd.gov.np, fb: fb.com/edcdnepal